“प्राकृतिक सम्पदा युक्त हराभरा सहर, सम्पुर्ण नगरबासीको एउटै रहर”

# परशुराम नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

प.सं. २०८२/८३
च.नं. ८८१६

जोगबुडा, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

मिति २०८३/०२/२२

श्री स्थानीय व्यापारीहरू(सबै)

परशुराम नगरपालिका, जोगबुडा डडेल्धुरा।

**विषयः अनुबन्ध करार सम्झौताका लागि दररेट प्रस्ताव पेश गर्ने सम्बन्धमा।**

उपर्युक्त विषयमा मनसुन-२०८३ को अवधिलाई मध्यनजर गर्दै यस परशुराम नगरपालिका क्षेत्रभित्र हुन सक्ने बाढी, पहिरो, हावाहुरी, आगलागी लगायतका विपद्जन्य घटनाहरूबाट प्रभावित नागरिकहरूको उद्धार, राहत तथा विपद् प्रतिकार्यका कार्यहरूलाई प्रभावकारी, व्यवस्थित तथा समयमै सञ्चालन गर्न आवश्यक राहत सामग्रीहरूको तत्काल उपलब्धता सुनिश्चित गर्नु अपरिहार्य रहेको छ।

यस सन्दर्भमा विपद् व्यवस्थापन तथा मानवीय सहायता कार्यलाई छिटो, सहज र प्रभावकारी बनाउन स्थानीय स्तरमा उपलब्ध हुने राहत सामग्रीहरूको आपूर्ति व्यवस्थापनका लागि पूर्वतयारी स्वरूप अनुबन्ध करार सम्झौता गर्न आवश्यक भएको हुँदा *सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६* तथा *प्रचलित सार्वजनिक खरिद सम्बन्धी कानूनी व्यवस्था बमोजिम आवश्यकता अनुसार मात्र खरिद गरिने शर्तमा अनुबन्ध करार सम्झौता गर्ने प्रयोजनका लागि* इच्छुक तथा योग्य स्थानीय व्यापारी, आपूर्तिकर्ता, फर्म तथा व्यवसायीहरूबाट देहाय बमोजिमका सामग्रीहरूको दररेट प्रस्ताव आह्वान गरिएको छ।

तसर्थ, सम्बन्धित व्यापारी, फर्म तथा व्यवसायीहरूले आफूले आपूर्ति गर्न सक्ने सामग्रीहरूको एकाइ, गुणस्तर तथा मूल्य सहितको दररेट प्रस्ताव स्पष्ट रूपमा उल्लेख गरी आवश्यक कागजातहरू संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले *७ (सात) दिनभित्र* कार्यालय समयभित्र यस परशुराम नगरपालिकाको वन, वातावरण तथा विपद् व्यवस्थापन शाखामा सिलबन्दी दरभाउ पत्र वा प्रचलित कानूनबमोजिमको कोटेशन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

२०८३/०२/२२

२०८३/०२/२२
(खगेन्द्र साउँद)
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

तपसिलः-

अति आवश्यक सामाग्रीहरुको विवरणः

| क्र.सं. | सामग्रीको नाम | एकाइ | दर(रू.) | क्र.सं. | सामग्रीको नाम | एकाइ | दर(रू.) |
|---|---|---|---|---|---|---|---|
| १. | चामल | के.जी. | | १५. | प्लास्टिक डोरी | मिटर | |
| २. | दाल | के.जी. | | १६. | बाल्टिन | थान | |
| ३. | नुन | के.जी. | | १७. | जग | थान | |
| ४. | खाने तेल | लिटर | | १८. | नुहाउने साबुन | गोटा | |
| ५. | चिउरा | के.जी. | | १९. | लुगा धुने साबुन | गोटा | |
| ६. | चिनी | के.जी. | | २०. | ह्यान्डवास | बोतल | |

टोल फ्रि नम्बरः १८१०५०००१६३, फोन : ०९६४११००४, फ्याक्स : ०९६४११००४
Email : parshurammun@gmail.com, website : http://www.parshurammun.gov.np
“व्यवसायिक र सिर्जनशील प्रशासनः विकास, समृद्दि र सुशासन”

Scanned with CamScanner

"प्राकृतिक सम्पदा युक्त हराभरा सहर, सम्पुर्ण नगरबासीको एउटै रहर"

# परशुराम नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

प.सं. २०८२/८३
च.नं. २२१६

जोगबुडा, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७. | चिया | के.जी. | | २१. | टुथब्रस | थान | |
| ८. | बिस्कुट | प्याकेट | | २२. | टुथपेस्ट | ट्युब | |
| ९. | चाउचाउ | प्याकेट | | २३. | स्यानेटरी प्याड | प्याकेट | |
| १०. | पिउने पानी | जार/कार्टुन | | २४. | रेनकोट | थान | |
| ११. | त्रिपाल(१५*१८) | थान | | २५. | पानी शुद्धीकरण चक्की | प्याकेट | |
| १२. | कम्बल | थान | | २६. | भाँडा सेट | सेट | |
| १३. | डसना/म्याट | थान | | २७. | खाना पकाउने भाँडा | सेट | |
| १४. | मच्छरदानी | थान | | | | | |

*सम्पर्क व्यक्तिः हृदेश धामी (वातावरण अधिकृत)*
*मोबाईल नम्बरः ९८६५६११६५६*

पेश गर्नुपर्ने कागजातहरूः

१. फर्म वा व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि।
२. स्थायी लेखा नम्बर (PAN) वा मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्रको प्रतिलिपि।
३. आर्थिक वर्ष २०८२/८३ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।
४. स्वघोषणा पत्र।
५. सामग्रीहरूको दररेट प्रस्ताव तथा विनिर्देश विवरण।

विशेष शर्तहरूः

१. यो दररेट प्रस्ताव अनुबन्ध करार सम्झौता प्रयोजनका लागि मात्र हुनेछ।
२. नगरपालिकालाई आवश्यकता परेका अवस्थामा मात्र सामग्री खरिद गरिनेछ; न्यूनतम वा अधिकतम परिमाण खरिद गरिने कुनै सुनिश्चितता रहने छैन।
३. आपूर्तिकर्ताले प्रस्तावित दररेटमा तोकिएको स्थानसम्म सामग्री ढुवानी गरी उपलब्ध गराउनुपर्नेछ।
४. नगरपालिकाले सार्वजनिक हित तथा प्रचलित कानूनबमोजिम कुनै पनि प्रस्ताव स्वीकृत वा अस्वीकृत गर्ने अधिकार सुरक्षित राखेछ।
५. अन्य व्यवस्था प्रचलित कानून, सार्वजनिक खरिद सम्बन्धी प्रावधान तथा अनुबन्ध करार सम्झौता बमोजिम हुनेछ।

२०८२/०२/२२

२०८२/०२/२२
प्रमुख प्रशासकीय अधिकृत

टोल फ्रि नम्बरः १८१०५०००१६३, फोन : ०९६४११००४, फ्याक्स : ०९६४११००४
Email : parshurammun@gmail.com, website : http://www.parshurammun.gov.np
"व्यवसायिक र सिर्जनशील प्रशासनः विकास, समृदि र सुशासन"

Scanned with CamScanner